# स्थानीय राजपत्र

भाग-१ खण्ड ८ संख्या ४

**बागलुङ नगरपालिकाद्वारा प्रकाशित**

बसपार्क संचालन ऐन, २०८१

अनुसूची २

(दफा ४ तथा अनुसूची १ को भाग-१ संग सम्बन्धित)

बागलुङ नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ८ संख्या ४, २०८१ माघ १०

भाग- १

## बागलुङ नगपालिका
## बसपार्क व्यवस्थापन ऐन , २०८१

बागलुङ नगरपालिका बागलुङद्धारा निर्माण गरिएको, नगरपालिकाको स्वामित्वमा रहेको वा नगरपालिकाले संचालन तथा व्यवस्थापनको जिम्मेवारी प्राप्त गरेको बसपार्कलाई व्यवस्थित ढंगबाट सञ्चालन तथा व्यवस्थापन गर्न, स्थानीय सरकार सञ्चालन २०७४ को दफा ११ को उपदफा ५ (१) (ग) लाई कार्यान्वयन गर्न वाञ्छनिय भएकोले  सोही ऐनको १०२

(१) बमोजिम बागलुङ नगरपालिकाको नगरसभाले यो ऐन जारी गरेको छ ।

## परिच्छेद - १
## संक्षिप्त नाम र प्रारम्भ

१) **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम बागलुङ नगरपालिकाको बसपार्क व्यवस्थापन ऐन, २०८१ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२) **परिभाषा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा**

(क) "बसपार्क" भन्नाले बागलुङ नगरपालिकाबाट निर्माण गरिएको, नगरपालिकाको स्वामित्वमा रहेको वा नगरपालिकाले संचालन तथा व्यवस्थापनको जिम्मेवारी प्राप्त गरेको बसपार्क सम्झनु पर्दछ ।

(ख) "समिति" भन्नाले दफा (४) बमोजिम गठित बसपार्क व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले बागलुङ नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "नगरपालिका" भन्नाले बागलुङ नगरपालिकाको कार्यालय बागलुङ सम्झनु पर्दछ ।

(ङ) "ठेकेदार" भन्नाले बस सञ्चालन तथा व्यवस्थापनको जिम्मा लिने ईजाजत प्राप्त बस व्यवसायी, निर्माण व्यवसायी, कम्पनी, सहकारी संस्था वा कानुन बमोजिम बस संचालन तथा व्यवस्थापनको जिम्मेवारी प्राप्त संगठीत संस्था भन्ने बुझ्नु पर्दछ ।

(च) "लामो दुरीका बस" भन्नाले बागलुङ जिल्ला भन्दा बाहिरी जिल्लाका विभिन्न स्थानमा ५ घण्टा भन्दा बढी यात्रा समय लाग्ने दुरीका बस सम्झनु पर्दछ ।

(छ) "छोटो दुरीका बस" भन्नाले बागलुङ जिल्ला सहित बाहिरी जिल्लाका विभिन्न स्थानमा ५ घण्टा भन्दा कम यात्रा समय लाग्ने दुरीका बस सम्झनु पर्दछ ।

## परिच्छेद - २

**३) उद्देश्य :** (१) यो ऐन को उद्देश्य देहाय बमोजिम हुनेछ ।

(क) नगरक्षेत्रभित्र रहेका बसपार्कहरुको सञ्चालन तथा व्यवस्थापनमा सहयोग गर्ने ।

(ख) बसपार्कको सही ढङ्गबाट सञ्चालन गरी नगरको सौन्दर्य वृद्धि गर्नमा सहयोग गर्ने ।

(ग) नगरपालिकाको आन्तरिक आय वृद्धि गर्न सहयोग गर्ने ।

## परिच्छेद - ३
## बसपार्क व्यवस्थापन समिति

**४) बसपार्कको सञ्चालन तथा व्यवस्थापनमा आवश्यक सल्लाह, सुझाव तथा नियमन नियन्त्रण गर्न देहाय अनुसारको बसपार्क व्यवस्थापन समिति गठन गरिनेछ ।**

(क) नगर प्रमुख - संयोजक

(ख) उप-प्रमुम - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) बसपार्क रहेको वडाको वडा अध्यक्ष - सदस्य

(ङ) लेखा शाखा प्रमुख - सदस्य

(च) जिन्सी शाखा प्रमुख - सदस्य

(छ) राजश्व शाखा प्रमुख - सदस्य सचिव

समितिको बैठकमा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, ट्राफिक प्रहरी कार्यालयका प्रमुख वा अधिकृत प्रतिनिधि तथा अन्य सरोकारवालाहरुलाई आमन्त्रीत गर्न सकिनेछ ।

**५) बसपार्क व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) बसपार्क व्यवस्थापनका सम्बन्धमा नगरपालिकालाई आवश्यक सल्लाह सुझाव दिने ।

(ख) बसपार्कको काउण्टर तथा बसको पार्किङ व्यवस्थापन मिलाउने ।

(ग) बसपार्क भित्र रहने टिकट काउण्टरहरु राख्ने स्थान तोक्ने ।

(घ) बसपार्कको नियम पालना गर्न लगाउने तथा नियम विपरित गर्नेलाई कार्वाही गर्ने ।

(ङ) बसपार्कभित्र रहेका सटरहरु लगायत टेन्डरमा लगाउनु पर्ने सम्पूर्ण क्षेत्रहरुको भाडा दर तथा टेण्डर प्रक्रियाको विषयमा सिफारिस गर्ने ।

(च) बसपार्कमा हुन सक्ने विवादको सामाधान गर्ने ।

(छ) बसपार्क निरीक्षक तोक्ने ।

(ज) बसपार्क क्षेत्रमा ट्याक्सी, अटो रिक्सा, रिक्सा, मोटरसाइकल तथा अन्य सवारी साधन पार्किङ्गको व्यवस्था मिलाउने ।

(झ) बसपार्क व्यवस्थापन सम्बन्धमा अन्य कार्यहरु गर्ने ।

समितिलाई कुनै विषयमा विशेषज्ञ परामर्श आवश्यक परेमा समिति पदाधिकारी मध्ये कुनै सदस्य संयोजक रहने गरी विशेष कार्यदल गठन गरी बसपार्क व्यवस्थापनका लागि परामर्श लिन सक्नेछ ।

## परिच्छेद - ४
## बसपार्कबाट लिइने सेवा शुल्क तथा वहाल सम्बन्धी व्यवस्था

**६) बसपार्क भित्र लिइने सेवा शुल्क तथा बहाल रकम देहाय बमोजिम हुनेछ ।**

**(क) कोठा वा सेड भाडा** : बसपार्कमा रहेका कोठा वा सेड ( टिकट काउण्टर बाहेक) बाट तोकिए बमोजिमको वहाल रकम लिने गरी सकेसम्म सम्पूर्ण कोठा वा सेडलाई

एकमुष्ट भाडामा दिई वहाल रकम असूल गर्ने व्यवस्था मिलाईनेछ। यसरी एकमुष्ट वहालमा लिने व्यक्ति वा फर्मले अन्य व्यक्ति वा फर्मलाई तोकिए बमोजिको शर्तका पालना गर्ने गरी भाडामा लगाउन सक्नेछ । तर यसरी भाडामा दिंदा दफा (७) बमोजिमको प्रकृया अवलम्ब गरिनेछ ।

(ख) **बसपार्क प्रवेश शुल्क**: बसपार्क भित्र प्रवेश गर्ने सबै बसहरुबाट तोकिए बमोजिमको प्रवेश शुल्क असूल गरिनेछ ।

(ग) **पार्किङ शुल्कः** बसपार्कमा पार्किङ भै रात विताउने बसहरुबाट तोकिए बमोजिमको पार्किङ शुल्क नगरपालिका वा ठेक्काबाट असूल गरिनेछ ।

(घ) **शौचालय सेवा शुल्कः** बसपार्क भित्र रहेको शौचालय प्रयोग वापत तोकिए बमोजिमको सेवा शुल्क असूल गरिनेछ । त्यस प्रकारको सेवा शुल्क बालबालिका, जेष्ठ नागरिक, अपांगहरु बाट असूल गरिने छैन ।

(ङ) **विज्ञापन शुल्क :** बसपार्कमा रहेका कोठा तथा सेडको व्यवसाय तथा बसपार्क व्यवस्थापनमा अवरोध नहुने गरी समितिले तोके बमोजिमको विज्ञापन शुल्क लिने

गरी सम्बन्धित फर्मलाई विज्ञापन राख्ने ठाउं उपलब्ध गराउन सकिनेछ ।

**(च) अन्य शुल्कः** समितिले सिफारिस गरी कार्यपालिकाबाट निर्णय भए बमोजिमका अन्य शुल्क लगाईनेछ ।

**७) दफा (६) बमोजिम वहाल तथा सेवा शुल्क मध्ये दफा ६ (ङ) वाहेकका बसपार्क संचालन तथा व्यवस्थापनको सेवा शुल्क असूलीका लागि नगरपालिकाले देहायको प्रकृया अवलम्बन गरी एक पटकमा बढीमा पच्चीस (२५) वर्ष नबढ्ने गरी ठेक्का बन्दोवस्त गर्नेछ ।**

(क) बसपार्कभित्र रहने वा रहेका कोठा तथा सेडहरुको नक्साङ्कन गरी कोठा वा सेड नम्बर अनुसारको भाडा रकम समितिले निर्धारण गरी कार्यपालिका समक्ष सिफारिस गर्नेछ। समितिले भाडा सिफारिस गर्दा देहायका आधारमा न्यूनतम् भाडा दर कायम गर्न सक्नेछ ।

(अ) कोठाको क्षेत्रफल ।

(आ) टिकट काउण्टर, गेट जस्ता बढि मानिसको चहलपहल हुने स्थान ।

(इ) व्यवसायिक कोठा भाडाको चलन चल्ती दर ।

(ख) बसपार्क प्रवेश शुल्क, बस पार्किङ र शौचालय सेवा शुल्कको हकमा वार्षिक रुपमा उठ्न सक्ने रकम अनुमान गरी कार्यपालिका समक्ष पेश गर्ने छ ।

(ग) माथि (क) र (ख) बमोजिम कोठाभाडा र प्रवेश, पार्किङ, शौचालय सेवा शुल्कबाट वार्षिक उठ्न सक्ने रकमका आधारमा नगरपालिकले तोके बमोजिमको शर्त राखि बसपार्क सञ्चालन तथा व्यवस्थापनको लागि नियमानुसार खुल्ला वोल पत्र वा नमुना प्रस्तावन (ठेक्का) आव्हान गर्नेछ ।

(घ) ठेक्का वन्दोवस्ती प्रकृया देहाय अनुसार हुनेछ ।

(१) बसपार्कको संचालन तथा व्यवस्थापनको ठेक्का कम्तीमा १५ र बढीमा ३० दिनको सुचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरी वोलपत्र वा नमुना प्रस्ताव आव्हान गरिनेछ । वोलपत्र कागजात खरिद गर्दा रु ३०००। (अक्षेरुपी तीन हजार रुपैया मात्र) वोलपत्र दस्तुर बुझाउनु पर्नेछ । बोलपत्रको विडवोन

धरौटी प्रतिवर्ष अनुमानित रकमको औषत मुल्य निर्धारण गरी ५ प्रतिशत लाग्नेछ ।

(२) ठेकेदारको योग्यताः फर्मको उद्देश्यमा सरकारी ठेक्कापट्टामा भाग लिन योग्य भएको हुनुपर्नेछ ।

(३) ठेकेदारले पसल कवलहरु अन्य व्यक्ति वा फर्मलाई भाडा लगाउँदा ठेक्काबाट स्वीकृत भई सम्झौता भएको कुल रकममा बीस प्रतिशत भन्दा बढि नहुने गरी (पानी, विजुली सुरक्षा, सरसफाई लगायतका व्यवस्था गरे वापत) रकम लिन सक्नेछ ।

(४) पसल तथा वस्तु र सेवाको मुल्य सम्बन्धमाः  सटर भाडा रकम बढिमा लिएको वा अन्य जुनसुकै कारण देखाई बसपार्क भित्रबाट विक्रि हुने वस्तु तथा सेवाको मुल्यमा वृद्धि गर्न पाईने छैन । कुनै पनि वस्तु अधिक मुल्य भन्दा बढिमा बिक्रि गर्न पाईनेछैन । अधिकतम खुद्रा उल्लेख नहुने वस्तु तथा सेवाको सबैले स्पष्ट देख्ने गरी सुची टाँस गर्नुपर्नेछ ।

(५) वस्तु तथा सेवाको गुणस्तर मुल्य लगायतका विषय नगरपालिकाले मासिक रुपमा अनुगमन गर्ने ।

मापदण्ड विपरित पाईएमा तत्काल कारवाही गरिनेछ ।

(ङ) बोलपत्रको मूल्यांकन अधिकतम मूल्यांकित सारभूत प्रभावग्राहीलाई स्वीकृत गर्ने गरी सार्वजनिक खरिद ऐन नियमावली तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

**८) बोलपत्र पेश गर्दा सूचनामा उल्लेख भए अनुसारको धरौटी राखेको नगरी रसिद वा बैंक भौचर वा बैंक ग्यारेन्टी अनिवार्य पेश गर्नुपर्नेछ ।**

**९) स्वीकृत बोलपत्रदाताले सम्झौता गर्नुपूर्व प्रथम बर्षको कवोल अंकको ५ (पाँच) प्रतिशत कार्यसम्पादन जमानत (नगद वा बैंक जमानत) २ बर्षका लागि पेश गर्नु पर्नेछ। प्रत्येक दुई बर्ष अगावै बाँकी दुई बर्षका लागि कार्यसम्पादन जमानत थप गर्नुपर्नेछ । बोलपत्रदाताले कवोल अंकको ५० प्रतिशत रकम नगद, ५० प्रतिशत बैंक जमानत वा पुरै नगद सम्झौता अगावै बुझाउनु पर्नेछ। अर्को बर्षका लागि आर्थिक बर्ष शुरु भएको २५ दिन भित्र कबोल अंकको ५० प्रतिशत रकम नगद वा ५० प्रतिशत बैंक जमानत वा पुरै नगद बुझाउनु पर्नेछ ।**

**१०)	यस परिच्छेदमा जुनसुकै कुरा उल्लेख भए तापनि कार्यपालिकाबाट स्वीकृत भाडा दर तथा यस ऐनमा उल्लेखित विभिन्न सेवा शुल्कको दरलाई आधार मानि विशेष परिस्थितिमा नगरपालिकाले कार्यपालिकाको सहमतिमा छुट्टै कर्मचारी राखि बसपार्कको सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ ।**

## परिच्छेद - ५
## टिकट काउण्टर व्यवस्थापन

**११)	टिकट काउण्टर वितरण विधि (१) ठेक्का वा अमानतबाट बसपार्क सञ्चालन तथा व्यवस्थापन गर्दा विभिन्न यातायात कम्पनीलाई टिकट काउण्टर उपलब्ध गराउँदा देहाय बमोजिम गरिने छ ।**

(क) प्रथम पटक सात दिने सुचना दिई यस नगरपालिका क्षेत्र भित्र कार्यालय रहेका यातायात व्यवसायीहरुलाई आफ्नो संस्थाको सम्पूर्ण कागजातको प्रतिलिपी सहित गाडी संख्या र रुट परमिटको प्रमाण र नगरपालिकामा व्यवशाय दर्ता गरेका प्रमाण समेत सलग्न राखि सूची दर्ता गरिनेछ ।

(ख) उक्त अवधिमा सूची दर्ता हुन आएका कम्पनीहरुलाई बसपाक टर्मिनलको टिकट काउण्टर निःशुल्क कम्तीमा १ वटा मात्र नगरपालिकाले गोला प्रथाद्वारा टिकट काउन्टर वितरण गर्नेछ। यसो गर्दा आर्थिक ऐनमा उल्लेख भएको इन्ट्री शुल्क र व्यवसाय दर्ता शुल्क लिई गर्नु पर्नेछ।

(ग) यसरी वितरण पश्चात गाडी संख्या ५० भन्दा माथि र रुट संख्या प्रदेश बाहिर समेत गरी १० भन्दा बढि हुने कम्पनीलाई आफैले संरचना निर्माण गर्नेगरी व्यवसायीको सहमति वा गोलाप्रथाबाट थप काउन्टर दिन सकिनेछ।

(घ) बसपार्क सञ्चालन भए पश्चात काउन्टर माग गर्ने यातायात कम्पनीलाई बसपार्कमा टिकट काउण्टर दिन नगरपालिका बाध्य हुन छैन तर बस पार्किङ तथा यात्रु ओराल्ने र चढाउने कार्य भने नियमानुसार शुल्क बुझाई गर्न गराउन बाधा पर्ने छैन।

## परिच्छेद - ६
## बसपार्क व्यवस्थापक र बसपार्क प्रयोगकर्ताले पालना गर्नुपर्ने नियमहरु

**१२) बसपार्क व्यवस्थापक र बसपार्क प्रयोगकर्ताले पालना गर्नुपर्ने नियमहरु :** बसपार्क सञ्चालन गर्ने जिम्मा लिने व्यवस्थापक तथा सोको प्रयोगकर्ताले देहायका शर्तहरु पालना गर्नुपर्नेछ ।

**(क) बस व्यवसायी, चालक तथा कर्मचारीहरुले पालना गर्नु पर्ने :**

१) लामो दुरीका ठूला बस छुट्नु भन्दा बढीमा १ घण्टा पहिले बसपार्क प्रवेश गराउने तथा बाहिरबाट आएका बसले १ घण्टा भित्र यात्रु ओराल्ने तथा सामानको व्यवस्थापन गर्नुपर्नेछ ।

२) लामो दुरीका साना बस र छोटो दुरीका बसहरु छुट्नु भन्दा बढीमा ३० मिनेट पहिले बसपार्क प्रवेश गराउने तथा बाहिर बाट आएका बसले ३० मिनेट

भित्र यात्रु ओराल्ने तथा सामान व्यवस्थापन गर्नुपर्ने छ ।

३) बस व्यवसायी, चालक तथा कर्मचारीहरुले बोल्दा सभ्य, शिष्ट र नम्र भाषाको प्रयोग गर्नुपर्नेछ ।

४) तोकिएको समयमा र स्थानमा गर्नु भनि तोकिएका कामहरु गर्नुपर्नेछ ।

५) तोकिएको स्थान बाहेक अरुलाई असर पर्ने गरी धुम्रपान गरी जथाभावी बोल्न र व्यवहार गर्न पाइने छैन ।

६) चालकले बस जुनसुकै स्थानमा पार्किङ गर्न, रोक्न र हर्न बजाउन पाईने छैन ।

७) कर्मचारीहरुले जथाभावी रुपमा यात्रुलाई अमर्यादित व्यवहार गर्ने, सवारीको लागि तान्ने, धकेल्ने वा अन्य किसिमले दुव्यवहार गर्न पाइने छैन ।

८) बस व्यवसायी वा चालकले गाडि मर्मत गराउँदा जथाभावी गराउन पाईने छैन तोकिएको स्थानमा तोकिएको दस्तुर तिरी मात्र गराउनु पर्नेछ ।

९) बसपार्कभित्रको आचार संहिता पालना गर्ने वा गराउने, सरसफाई गर्ने वा गराउने दायित्व समेत बहन गर्नुपर्नेछ ।

१०) चालक, सहचालक र कन्डक्टर तथा टिकट काउन्टरमा बस्ने कर्मचारीले तोकिएको पोषाक अनिवार्य प्रयोग गर्नुपर्नेछ ।

**(ख) सेवाग्राहीहरुले पालना गर्नुपर्ने :**

१) सेवाग्राहीले तोकिएको स्थानमा गई टिकट लिनुपर्नेछ ।

२) टिकटमा उल्लेखित सिटमा मात्र बस्नुपर्नेछ ।

३) बस व्यवसायी, चालक र कर्मचारीसँग मर्यादित व्यवहार गर्नुपर्नेछ ।

४) धुम्रपान, मध्येपान गरी अरुलाई समेत असर पर्ने गरी व्यवहार गर्न पाईने छैन सभ्य यात्रुको परिचय दिने दायित्व सेवाग्राहीको हुनेछ ।

५) आफ्नो कारणले सृजित फोहरमैलालाई जथाभावी फाल्न पाइने छैन तोकिएको स्थानमा वा स्वयं आफैले

विसर्जन गर्ने फोहोरको व्यवस्थापन व्यवसायी आफैले गर्नुपर्नेछ ।

**(ग) सेड वा कोठामा व्यवसाय गर्ने व्यवसायीहरुले पालना गर्नुपर्ने :**

१) प्रचलित कानूनले तोकेको मापदण्ड भित्र रही उद्योग, व्यापार, व्यवसाय वा अन्य कुनै सेवा सञ्चालन गर्नुपर्नेछ ।

२) प्रचलित कानूनले निषेध गरेका वस्तुको विक्रि वितरण मदिराजन्य व्यवसाय गर्न पाइने छैन ।

३) तोकिएको सेवा वा वस्तुमा गुणस्तरियता कायम भएको हुनुपर्नेछ ।

४) व्यवसाय सञ्चालन गर्दा नगरपालिकामा दर्ता वा स्वीकृति लिएर मात्र कारोबार सञ्चालन गर्नुपर्नेछ ।

५) सेवा बस्तुको कारोवार गर्दा प्रचलित कानून बमोजिम स्वीकृती लिनुपर्ने भए लिएको प्रमाण लिई जुनसुकै बेलापनि अनिवार्य उपलब्ध हुने गरी राख्नु पर्नेछ ।

६) बसपार्क क्षेत्रभित्र बस्तुको व्यापार वा व्यवसाय तोकिएको स्थानसा बाहेक अन्यत्र सेवा सञ्चालन वा वस्तु विक्रि वितरण गर्न पाईनेछैन ।

७) सरसफाई स्वच्छता कायम गर्नका लागी अगाडिको वा क्षेत्रभित्रको सफाई गर्ने जिम्मेवारी व्यवसायीको हुनेछ । पसल अगाडि अनिवार्य फोहर व्यवस्थापन डस्टविन राख्नु पर्नेछ ।

८) नगरपालिकाको अनुमति नलिइ सेड वा संरचनामा थप्न वा गास्न पाइने छैन ।

९) अत्यावश्यक बस्तु सेवाको आपूर्ति व्यवस्थालाई असर पुऱ्याउने उद्देश्यले कसैले पनि कृत्रिम अभावको सिर्जना गर्न पाईने छैन ।

१०) अत्यावश्यक वस्तु वा सेवाको सूची र मूल्य निर्धारण सूचना टाँस गर्नुपर्नेछ ।

११) स्थानीय बजार व्यवस्थापन, अनुगमन तथा उपभोक्ता हित संरक्षण सम्बन्धी ऐन २०७६ को पूर्ण पालना गर्नुपर्नेछ ।

**(घ) ठेकेदार व्यवसायी वा व्यवस्थापकले पालना गर्नुपर्ने :**

१) नगरपालिकासँगको सम्झौता अनुसार तोकिएको सम्पूण कार्यहरु गर्नुपर्नेछ ।

२) प्रत्येक थप एक वर्षमा सम्झौता बमोजिमको रकम वा वृद्धी भएको भाडा रकम समेत गरी नगरपालिकालाई भुक्तानी दिनुपर्नेछ ।

३) कुनै कारणवश बसपार्क व्यवस्थापनको सम्झौता तोड्न चाहेमा कम्तिमा ६ महिना अगाडी नगरपालिकालाई सूचना दिनुपर्नेछ ।

४) नगरपालिकालाई बुझाउनुपर्ने दायित्व तोकिएको समयमा अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

५) बसपार्क भित्रका बत्ती, पानी, शौचालय, टेलिफोन लगायतका अन्य भौतिक संरचनाहरुको संरक्षण, सम्बर्द्धन, मर्मत गर्ने गराउने दायित्व हुनेछ ।

६) बसपार्क भित्र रहेका सडक बत्ती, शौचालयको नियमित ममत संभार गरी दुरुस्त राख्नुपर्नेछ र कुनै कारणवस कुनै संरचना हटाउनु पर्ने देखिएमा

नगरपालिकाको सहमति बेगर हटाउन पाईने छैन ।

७) बसपार्कभित्रको क्षेत्रलाई सफा सुग्घर, हरियाली, कोलाहल मुक्त बनाउने तर्फ ध्यान दिनु पर्नेछ ।

८) बसपार्कभित्र आवश्यक पर्ने कर्मचारीहरुको व्यवस्थापन गरी कर्मचारी परिचालन गर्नुपर्नेछ ।

९) सब लिजमा दिदा वा फेरबदल गर्दा अनिवार्य रुपमा नगरपालिकाको अनुमति लिनुपर्नेछ वा सो को जानकारी गराउनु पर्नेछ । नगरपालिकाबाट स्वीकृत रकम भन्दा बढी भाडा लिन पाइने छैन ।

१०) नगरपालिकाले मागेको जुनसुकै सूचना वा विवरण तोकीएको समयमा अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

११) तोकिएका व्यवसायहरु बाहेक अन्य व्यवसाय गराउन पाईने छैन । साथै तोकिएको व्यवसाय एवं टिकट काउण्टरलाई तोकिएको क्षेत्र भन्दा अन्यत्र प्रयोग गर्न पाईने छैन ।

१२) बसपार्क सुरक्षाको लागि आवश्यक प्रबन्ध गर्नु पर्नेछ । बसपार्कमा रहने सम्पूर्ण पसलहरुको जिम्मा लिई व्यवस्थापन गर्नुपर्नेछ ।

१३) यस ऐनमा भए बाहेकका विषयहरु सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

**(ङ) नगरपालिकाको जिम्मेवारी :**

१) बसपार्कको क्षेत्र विस्तार तथा नयाँ संरचना निर्माण गर्ने गराउने ।

२) बसपार्क भित्र थप संरचना आवश्यक भए सो को व्यवस्थाप गर्ने गराउने ।

३) सम्झौता बमोजिमको काम भए नभएको अनुगमन गर्ने नभएको पाईएमा तत्काल गर्न लगाउने ।

४) बसपार्क व्यवस्थापनमा देखिएका विवादको निरुपण गर्ने ।

५) सम्झौतामा उल्लेखित शर्त पालना नगरेका कारणले नगरपालिकाले बिचमा नै सम्झौता तोड्नु पर्ने देखेमा ३ महिनाको म्याद दिई सम्झौता भंग गर्न

सक्नेछ तर तोड्नु पूर्व बसपार्क व्यवस्थापकलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

६) नगरपालिकाले लिजमा दिने प्रयोजनका लागि कार्यविवरण (TOR) तयार गर्ने, सूचना प्रकाशन गर्ने, छनौट गरी नियमानुसार सम्झौता गर्नुपर्नेछ ।

७) बसपार्क भित्रको क्षेत्रमा वस्तु वा सेवा क्षेत्र निर्धारण गरी आवश्यकतानुसार सेवा सञ्चालन वा विक्रि कक्षको लागि स्थान उपलब्ध गराउने ।

८) सम्झौता तथा प्रचलित मापदण्ड अनुसार सम्बन्धित पक्षहरुले जिम्मेवारी पुरा गरे वा नगरेको नियमन गर्ने ।

९) विद्युत, पिउने पानी, शौचालय, फोहरमैला व्यवस्थापन, सुरक्षा प्रबन्ध, बाटोघाटो ट्राफिक व्यवस्थापनका लागि सहजिकरण गर्ने ।

१०) स्थानीय बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षणका लागि आवश्यक भूमिका निर्वाह गर्ने गराउने ।

११)  आवश्यकता अनुसार छड्के वा प्रत्यक्ष निरीक्षण गरी कारवाही गर्ने वा कारवाहीका लागि सिफारिस गर्ने ।

## परिच्छेद - ७
## कारवाही

**१३) नियम पालना नगर्ने उपर गरिने कारवाही:**

१) बसपार्क भित्रका लागि तोकिएका नियम पालना नगरेको पाइएमा नगरपालिकाबाट तोकिकएको निरिक्षक वा ट्राफिक प्रहरीले देहाय बमोजिम कारवाही गर्नेछ ।

(क) तोकिएको स्थानमा पार्किङ नगरेमा वा तोकिएको समय भन्दा बढी समय सवारी साधन पार्किङ गरेमा, बसपार्कभित्र पालना गर्नुपर्ने ट्राफिक नियम पालना नगरेमा प्रथम पटकका लागि रु १०००। एक हजार मात्र सम्म जरिवाना र सोही कसुर दोहोरायमा पटकै पिच्छे दोब्वर जरिवाना हुनेछ ।

# परिच्छेद - ८
# विविध

**१४) वाधा अड्काउ फुकाउः**

(क) **प्रचलित कानून बमेजिम हुनेः** यस ऐनमा उल्लेख नभएका विषयको हकमा प्रचलित कानुनमा भए बमोजिम हुनेछ । तर प्रचलित कानुनमा के गर्ने भन्ने विषयमा स्पष्ट व्यवस्था नभएको हकमा यस ऐनको भावनाको प्रतिकुल नहुने गरी नगर कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

(ख) बसपार्क संचालन तथा व्यवस्थापनको ठेक्का आव्हान र समग्र व्यवस्थापनमा हेरफेर र थप संरचनाको स्वीकृति दिनु परेमा कार्यपालिकाको निर्णयानुसार हुनेछ ।

**१५) संशोधन र खारेजीः** यो ऐनमा संशोधन गर्नु परेमा संशोधनको अधिकार नगर सभालाई हुनेछ ।

प्रमाणिकरण
बसन्त कुमार श्रेष्ठ
नगर प्रमुख

प्रमाणिकरण मिति : २०८१।१०।१० गते आईतवार

आज्ञाले
हरिदत्त कंडेल
प्रमुख प्रशासकीय अधिकृत